राष्ट्रपति

राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

## गणतन्त्र दिवस, २०८२ को शुभकामना सन्देश

सर्वप्रथम १८ औँ गणतन्त्र दिवसको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा बधाई तथा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछु।

आजको दिन हाम्रा लागि विशेष छ। यो दिन एक साधारण दिनमात्र हैन, यो हाम्रा लागि एक ऐतिहासिक दिन हो। नेपाली जनताको संघर्ष, त्याग र बलिदानबाट आजभन्दा ठिक १८ वर्षअगाडि २०६५ साल जेठ १५ गते हामीले नागरिक सर्वोच्चतासहितको लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेका थियौँ। यो ऐतिहासिक दिनमा म गौरवमय परिवर्तनका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, लोकतन्त्रसहित न्याय, स्वतन्त्रता र परिवर्तनका लागि जेल, नेल र यातना सहने श्रद्धेय नेताहरूप्रति सम्मान व्यक्त गर्दै विभिन्न आन्दोलनहरूका सारथी नागरिक समाज र राजनीतिक दलका कार्यकर्ताहरूको उच्च प्रशंसा गर्दछु।

हामी सबैलाई थाहा छ, लोकतान्त्रिक गणतन्त्र संसारकै एक उत्कृष्ट राजनीतिक व्यवस्था हो। यसलाई हामीले संघीयता, समावेशिता, सामाजिक न्याय र लोकतान्त्रिक मूल्यसहितको समाजवादको सारगर्भित मान्यताहरूले सिञ्चित गरेर थप सर्वोत्कृष्ट बनाएका छौँ। अतः संसारमै योभन्दा उन्नत अर्को कुनै व्यवस्था छैन। यसकारण पनि कि यो व्यवस्थाले नागरिकलाई सार्वभौम बनाएको छ। राज्यसत्ता र शक्तिको स्रोत पूर्णतः नागरिकलाई मानेको छ। हाम्रो संविधानले नागरिक सर्वोच्चतालाई महान् उपलब्धिका रूपमा अभिलेखन गरेको छ र हामी त्यसैको अभ्यासमा जुटेका छौँ।

संघीय लोकतान्त्रिक गणतन्त्रले हामीलाई सम्पूर्ण राजनीतिक अधिकार सुनिश्चित गरेको छ। यसले हामीलाई समुन्नत भविष्यका लागि एकताबद्ध भएर अगाडि जाने अवसर दिएको छ। यसले देशवासीलाई जोडेको छ र एक साझा राष्ट्र बनाउने सङ्कल्पका लागि अभिप्रेरित गरेको छ। किनभने यसले हामीलाई आफ्नो जाति, भाषा, धर्म, सम्प्रदाय, सभ्यता र भूमिको स्वामित्व दिएको छ। त्यसैले यो हाम्रा लागि राष्ट्र निर्माणको एक महान् प्रेरणा र अभिभारा हो।

परिवर्तनलाई नागरिकको जीवनसँग जोड्न राजनीतिक उपलब्धिहरू मात्र पर्याप्त हुँदैन। राजनीतिक उपलब्धिलाई नागरिकको जीवनसँग जोड्नका लागि हाम्रो राज्यको चरित्रलाई बदल्नुपर्ने हुन्छ। हाम्रो शासकीय चरित्रलाई बदल्नुपर्ने हुन्छ। हामीले राजनीति, पार्टी र नेताको चरित्रलाई बदल्नुपर्ने हुन्छ। गणतन्त्रको उत्कृष्टताको सार्थकता प्राप्त गर्न हाम्रो राजनीति, हाम्रो शासकीय शैली, राजनीतिक दल र जनप्रतिनिधिमूलक संस्थाहरूलाई पूर्ण लोकतान्त्रिक, निष्पक्ष, प्रतिस्पर्धात्मक, न्यायपूर्ण र प्रभावकारी बनाउन ढिलो गर्न हुन्न भन्ने म ठान्दछु।

राष्ट्रपति

राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

अब हामीले विचार गर्ने यही हो कि हामीले प्राप्त गणतन्त्रलाई सबल बनाउन सम्पूर्ण त्याग र विनयशीलताका साथ प्रयत्न गर्नुपर्दछ । हामीले प्राप्त राजनीतिक अधिकारको जगमा सामाजिक न्यायसहितको आर्थिक र सामाजिक समृद्धि सुनिश्चित गर्नुपर्दछ । हाम्रा राजनीतिक दल, हाम्रो सरकार, हाम्रो नेतृत्व सिर्जनशील र जनउत्तरदायी हुनैपर्दछ । शासकीय संरचना र राज्यका अंगहरूलाई गतिशील र परिणाममुखी बनाउनैपर्दछ । हामीले सुशासनको प्रत्याभूति दिनैपर्दछ ।

जगजाहेर छ, आज गणतन्त्रको सबैभन्दा ठूलो शत्रु अरू कोही होइन– ढिलासुस्ती, अनियमितता र बेथिति हुन् । यिनै बेथितिले लोकतान्त्रिक गणतन्त्रको सुन्दर सपना बोकेका नागरिकलाई निराश नबनाओस् भन्ने हाम्रो चिन्ता हुनुपर्दछ । जबसम्म हाम्रा प्रत्येक नागरिकको जीवनमा आशाको दियो बल्नेछैन, त्यो बेलासम्म हामीले रगत र पसिनासँग साटेको संघीय लोकतान्त्रिक गणतन्त्रको लक्ष्य पूरा हुँदैन ।

आज नागरिकले सुशासनसहितको समृद्धि खोजेका छन्, रोजगारी खोजेका छन्, न्यायोचित वितरण खोजेका छन् र सामाजिक न्यायको प्रबन्ध खोजेका छन् । तर आर्थिक विकास बिना यी केही पनि सम्भव छैन । त्यसैले हाम्रा स्रोतहरूको उच्चतम प्रयोग गर्न आवश्यक छ । अनिमात्र हामी हाम्रो कृषि, पर्यटन, ऊर्जालगायत औद्योगिक र सेवा क्षेत्रलाई बलियो बनाउन सक्छौं । अनिमात्र आर्थिक विकास र समृद्धि प्राप्त हुन्छ । अनिमात्र गणतन्त्रलाई हामी नागरिकको जीवनसँग जोड्न सक्छौं । अनिमात्र नयाँ आशाहरू निर्माण हुन सक्छन् । अनिमात्र हाम्रो गणतन्त्र सफल, सबल र परिणाममुखी हुँदै जान्छ । यो नै आजका लागि हाम्रो ऐतिहासिक अभिभारा हो ।

यस अर्थमा आजको दिनले हामीलाई आफ्नो ऐतिहासिक दायित्व सम्झाएको छ । म आशा गर्छु हामी यो दायित्व बिर्सने छैनौं । म आशा गर्छु, गणतन्त्रको मर्यादा बचाउन र यसलाई अझ समृद्ध बनाउन हामी सबै एकताबद्ध भएर लाग्नेछौं । गणतन्त्र केवल एक व्यवस्था हैन । यो त आचरणशील राजनीतिक, आर्थिक र सामाजिक जीवन पद्धति पनि हो । यसका आफ्नै मूल्यमान्यता र नैतिक दायराहरू हुन्छन् । त्यसलाई बिर्सिएर हामीले इतिहासको अभिभारा पूरा गर्न सक्दैनौं । आजको दिनले हामीलाई सामाजिक न्याय, विकास र समृद्धिसहित संघीय लोकतान्त्रिक गणतन्त्रको उच्चतम र सार्थक अभ्यासमा अगाडि बढ्ने थप प्रेरणा दिनेछ । सबैलाई सुखद भविष्यको शुभकामनासहित !

जय नेपाल !

२०८२ जेठ १५ बिहीबार ।
ने.सं. ११४५ तछलाथ्य तृतीया ।